महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

## आर्थिक वर्ष - २०८१/८२

## माथागढी गाउँपालिका, पाल्पा

## ८०५५०५०५३००

## माथागढी गाउँपालिका , पाल्पा


https://nams.oag.gov.np

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**लुम्बिनी प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:२०८२/८३ मिति : २०८२-६-२६

च.न :

**विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री कार्यालय प्रमुख ज्यु ,
माथागढी गाउँपालिका, पाल्पा ,
माथागढी गाउँपालिका , पाल्पा

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को एकीकृत वित्तीय विवरण तथा सोसँग सम्बन्धित अनुसूची, टिप्पणीहरू तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०८२।५।२ मा छलफल पश्चात् तयार गरिएको पाना २२ (बाइस) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ।

पालिकाबाट पेस भएको वित्तीय विवरणप्रतिको उत्तरदायित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो। लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम वित्तीय विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो। प्रतिवेदनमा उल्लेखित व्यहोराका सम्वन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७ (१) बमोजिम ३५ दिनभित्र फर्स्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फर्स्यौट गरी सम्परीक्षण नगराएमा वा सम्परीक्षण गराई बाँकी रहेका व्यहोराहरु समावेश गरी ऐनको दफा ३७(४) बमोजिम कार्यपालिका प्रमुखलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

युवराज अधिकारी
निर्देशक

बोधार्थ तथा कार्यार्थः
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,सिंहदरबार ,काठमाडौ -प्रतिवेदन संलग्न छ, info@mofaga.gov.np
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय ,पाल्पा -प्रतिवेदन संलग्न छ।, palpa.dtco@fcgo.gov.np

# परिचय

१ **परिचय** -

**(क) कार्यालय परिचय :** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले माथागढी गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ८ वडा, २१५.४९ वर्ग किलोमिटर क्षेत्रफल तथा २४०५३ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस पालिकाको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस पालिकाको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।४।३० देखि २०८२।५।२ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय – व्ययतर्फ रु. १,४०,६५,५०,०५९।- को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ३४,६१३।- असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| बिवरण | भौचर नं | रकम रु. |
|---|---|---|
| शिक्षकको रमाना पछिको बढी तलब | १५७८६०४१ | १४६४८ |
| सामाजिक सुरक्षा | १०८१७०७६,१००१७०७५ र १०८१६०६९ | १९९६५ |
| जम्मा | | ३४६१३ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ४ (१) बमोजिम पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को एकिकृत वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छ:

| आय | | | व्यय | | |
|---|---|---|---|---|---|
| **विवरण** | **रकम** | **रकम** | **विवरण** | **रकम** | **रकम** |
| **सुरु मौज्दात** | | **१११५८०८६७.४६** | **१.चालु खर्च** | | **३६८१२४९७१.८९** |
| १.संचित कोष | ८१७९१३३२.२८ | | १. पालिका तर्फ | १३७१७७२९४.३७ | |
| २.धरौटी | १३८६७१२४.४८ | | २. संघीय सशर्त | २३०९४७६७७.५२ | |
| ३.कार्यसञ्चालन कोष प्रकोप व्यवस्थापन | २३९८९२३.१९ | | **२.पुँजीगत खर्च** | | **१३००८०६८३.००** |
| ४.कार्यसञ्चालन कोष विविध | ३५८२००९.५१ | | १. पालिका तर्फ | १०२६५५८७०.०० | |
| ५. आकस्मिक कोष | ९९१८९९६.०० | | २. संघीय सशर्त | १०९५९४६३.०० | |
| ६. आन्तरिक राजश्व नगद मौज्दात | २२४८२.०० | | ३. संघीय विशेष | ८८७७७१०.०० | |
| **यस वर्षको आय** | | **१५६१३०५५.८१** | ४. संघीय समपुरक | ०.०० | |
| **१.आन्तरिक आय** | १५६१३०५५.८१ | | ५. प्रदेश सशर्त | ६१७७३५३.०० | |
| **२. वित्तीय हस्तान्तरण (संघ)** | | **४८५४३३९३१.३८** | ६. प्रदेश विशेष | १४१०२८७.०० | |
| क) समानीकरण अनुदान | ९२०३५२८०.०० | | **३.ऋण फिर्ता(साँवा)** | | **०** |
| ख) राजस्व बाँडफाँट | ९२२५६९०५.१६ | | **४.ऋणको ब्याज भुक्तानी** | | **०** |
| ग) सशर्त अनुदान | २७५४८६४९६.१० | | **५.धरौटी फिर्ता तथा सदरस्याहा** | | **५२३७२३०.८८** |
| घ) समपुरक अनुदान | ० | | **६.कार्यसञ्चालनकोष प्रकोप व्यवस्थापन** | | **२६९३८८६.००** |
| ङ) विशेष अनुदान | ८८९४५२६.९९ | | **७.कार्यसञ्चालनकोष विविध** | | **७७०५९९०.००** |
| च) रोयल्टी | १६७६०७२३.१३ | | **८.आकस्मिक कोष** | | **०** |
| **३. वित्तीय हस्तान्तरण (प्रदेश)** | | **३०३१११०९.२६** | **१०.अन्य सहयोगमा सञ्चालितयोजना** | | |
| क) समानीकरण अनुदान | ६७०८०००.०० | | **११.अन्तर सरकारी अख्तियारी (संघ)** | | **१५२१२३८२३.३३** |
| ख) राजस्व बाँडफाँट | ९२५९३२७.२६ | | क)सामाजिक सुरक्षा | १२१८६४२५०.३३ | |
| ग) सशर्त अनुदान | ६३२५७९५.०० | | ख)गरिबसँग विशेश्वर कार्यक्रम | ० | |
| घ) समपुरक अनुदान | ६५९८०२५.०० | | ग)प्रशासकीयभवन | २५०००००.०० | |
| ङ) विशेष अनुदान | १४१९९६२.०० | | घ)औद्योगिकपूर्वाधार विकास कार्यक्रम | ४४७५११०.०० | |
| च) रोयल्टी | | | ङ)स्वास्थ्यक्षेत्र सुधार | १४२००००.०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | कर्यक्रम | | |
| छ) अन्य | | | च)एकीकृतस्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | २१८६४४६३.०० | |
| **४. अन्तर सरकारी अख्तियारी (संघ)** | | **१५२१२३८२३.३३** | अन्य | | |
| क) सामाजिक सुरक्षा | १२१८६४२५०.३३ | | **१२.अन्तर सरकारी अख्तियारी (प्रदेश)** | | |
| ग)प्रशासकीय भवन | २५०००००.०० | | **१४.अनुदान फिर्ता** | | |
| घ) औद्योगिक पूर्वाधार विकास कार्यक्रम | ४४७५११०.०० | | **१. संघ तर्फ** | | **३३५९६१७२.५७** |
| ङ) स्वास्थ्य क्षेत्र सुधार कर्यक्रम | १४२००००.०० | | क) सशर्त अनुदान चालु | ३३५३८८१८.५८ | |
| च) एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | २१८६४४६३.०० | | ख) सशर्त अनुदान पुजीगत | ४०५३७.०० | |
| अन्य | | | ग) विशेष अनुदान | १६८१६.९९ | |
| **५. अन्तर सरकारी अख्तियारी (प्रदेश)** | | **०.००** | घ) समपुरक अनुदान | | |
| **६. ऋण/ वित्तीयव्यवस्था** | | **०.००** | **२. प्रदेश तर्फ** | | **२५०४६७.५०** |
| **७. धरौटी आय** | | **४७८३१४९.८०** | क) सशर्त अनुदान | १४८४४२.०० | |
| **८.कार्यसञ्चालन कोष प्रकोप व्यवस्थापन** | | **४४७८०००.००** | ख) विशेष अनुदान | ९६७५.०० | |
| **९.कार्यसञ्चालन कोष विविध** | | **८०५१५१६.००** | ग) समपुरक अनुदान | ९२३५०.५० | |
| **१०.आकस्मिक कोष** | | **११६६८४८.००** | **१५.अन्तिम मौज्दात** | | **११८५२६९५७.६७** |
| **११. गैरसरकारीसंस्थाबाट सञ्चालित योजना** | | **०.००** | १. संचित कोषको मौज्दात | ८५९१७४९७.५७ | |
| **१२. अन्य सहयोगमाप्राप्त सञ्चालित योजना** | | **०.००** | २.कार्यसञ्चालनकोष प्रकोप व्यवस्थापन | ४१८३०३७.१९ | |
| **१३.घर जग्गा रजिस्ट्रेसन शूल्क** | | **२३८१३०२.८०** | ३.कार्यसञ्चालनकोष विविध | ३९२७५३५.५१ | |
| **१४. दहत्तर बहत्तर स्थानीय तह आय** | | **२४१६५७९.००** | ४.आकस्मिक कोष | ११०८५८४४.०० | |
| | | | ५. धरौटी | १३४१३०४३.४० | |
| **जम्मा** | | ८१८३४०१८२.८४ | **जम्मा** | | ८१८३४०१८२.८४ |

**(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

सैद्धान्तिक बेरुजु

३ **वित्तीय विवरणको यथार्थता -**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्नुपर्छ। तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १२,१८,६४,२५०.३३।- र एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. २,१८,६४,४६३।- , स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रमको रु. २५,००,०००।- ,औद्योगिक पूर्वाधार विकास कार्यक्रमको रु. ४४,७५,११०।– र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. १४,२०,०००।- समेत गरी रु. १५,२१,२३,८२३.३३।¬ एकीकृत वार्षिक प्रतिवेदनमा समावेस गरेको छैन। तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

४ **बजेट पेश, पारित र अख्तियारी -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०८१।३ ।१० मा रु. ६२ करोड ७ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।२८ मा पारित भएको छ । यसैगरी स्थानीयतहका प्रमुखले मिति २०८१।४।३ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको छ ।

सैद्धान्तिक बेरुजु

५ **योजनाको प्राथमिकीरण -**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पादनमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नानुसार ८ वडाको लागि वडागत र पालिकास्तरका कुल १९७ योजनामा वजेट विनियोजन गरेको छ।

| **क्र. सं.** | **कार्यक्रमको नाम** | **योजना सङ्ख्या** | **रु. २० लाख माथिका योजना सङ्ख्या** | **रु. ५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या** | **रु. ५ लाख भन्दा कमका योजना सङ्ख्या** |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | १०१ | १२ | ३७ | ५२ |
| २. | वडा स्तरीय | ९६ | ० | ४ | ९२ |
| **जम्मा** | | **१९७** | **१२** | **४१** | **१४४** |

उपर्युक्त विवरण अनुसार पालिकाले साना योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनाका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १८६ योजना कार्यान्वियन भई ११ योजना कार्यान्वियन हुन सकेको देखिएन । तसर्थ पालिकाले प्रतिफलमुखि र रोजगारी सृजना गर्ने खालका ठूला योजनाहरु कार्यान्वियन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

६ **त्रैमासिक खर्च-**

पालिकाको लागि स्विकृत वार्षिक वजेट तथा कार्यक्रम अनुसार प्रत्येक त्रैमासिकमा खर्च गर्ने वजेटको अनुमान गरिएको र सोही बमोजिम खर्च गर्नुपर्नेमा पालिकाले कुल पूजिगत खर्चको तुलनामा प्रथम र दोस्रो त्रैमासिकमा १.६५ प्रतिशत, तेस्रो त्रैमासिकमा २४.३२ प्रतिशत

तथा चौथो त्रैमासिकमा ७४.३१ प्रतिशत खर्च गरेको देखिन्छ । कुल पूजीगत खर्चको तुलनामा आषाढ महिनामा मात्र ४८.४० प्रतिशत खर्च गरेको छ । पूँजिगत त्रैमासिक खर्च निम्नानुसार रहेको छ।

(रकम रु. हजारमा)

| बजेट | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिना |
|---|---|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| पूँजिगत खर्चतर्फ | १३००८० | ० | २१४९ | ३१६३१ | ९६२९९ | ६२९६३ |
| खर्च प्रतिशत | | ० | १.६५ | २४.३२ | ७४.३१ | ४८.४० |

यसरी आर्थिक बर्षको अन्तमा खर्चको भार बढी हुँदा प्रशासनिक कार्यबोझ बढी हुने, अनुगमन तथा निरीक्षण हुन नसकी कामको गुणस्तर कायम गर्न कठिनाई हुने भएकोले पालिकाले त्रैमासिक लक्ष्य अनुसार खर्च व्यवस्थापन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

७ **तलवी प्रतिवेदन** -

लुम्बिनी प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ४७ को उप दफा ४ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई पालिकातर्फ र स्वास्थ्य तर्फका ६२ कर्मचारीको रु . ३,९९,५७,९८३।- तलव खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब तथा ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।।

सैद्धान्तिक बेरुजु

८ **आन्तरिक लेखापरीक्षण**-

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ मा स्थानीय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने, आन्तरिक लेखापरीक्षणले औल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण अगावै सम्परीक्षण गराउनुपर्ने भन्ने व्यवस्था रहेको छ। गाउँपालिकाले यस वर्षको आय र व्ययको आन्तरिक लेखापरीक्षण गरेको छैन। ऐनमा रहेको व्यवस्था वमोजिम आन्तरिक लेखापरीक्षण गरी श्रेस्ता अद्यावधिक गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

९ **गत विगतको भुक्तानी** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रु. १९,६६,८१३।- भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

१० **आन्तरिक नियन्त्रण प्रणाली** -

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

• सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले रु. १३ करोड खरिद गुरुयोजना बेगर खर्च गरेको छ।

• पालिकाले कन्टिन्जेन्सी खर्चको अभिलेख निर्देशिका बमोजिम तयार गरेको छैन।

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु गरेको मिति, लागत अनुमान, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• उपभोक्ता समितिलाई निर्माण सम्पन्न भएका योजनाहरु हस्तान्तरण गरेको छैन।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले दैनिक भ्रमण पदाधिकारी र कर्मचारी खर्च वापत रु. ३३ लाख ३४ हजार खर्च लेखेको छ।

• आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू. २४ लाख ९९ हजार खर्च गरेको छ। खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा कतिपय लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

११ **अवकास कोष-**

अवकास कोष- स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त सम्बन्धी कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तिभरण,औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउनका लागि एक अवकास कोष स्थापना गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष कर्मचारी कल्याणकारी कोषमा रु. ४,००,०००।- विनियोजन गरेपनि अवकाष कोष संचालनमा ल्याएको छैन।नियमावलीले गरेको व्यवस्था बमोजिम कोष संचालनमा ल्याउनुपर्दछ। भविष्यमा आइपर्ने दायित्व वहन गर्नको लागि ऐनले गरेको व्यवस्था बमोजिम अवकास कोषको व्यवस्था गरी कार्यान्वयन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१२ **दरबन्दी भन्दा बढी कर्मचारीको खर्च** –

गाउँपालिकाले कर्मचारी पदस्थापना गर्दा स्वीकृत दरबन्दी बमोजिम पदस्थापना गरी कार्य लगाउनुपर्दछ। स्वास्थ्य तर्फ स्थायी स्वीकृत दरबन्दी ३७ रहेकोमा गाउँपालिकाले स्वयं संगठन तथा व्यवस्थापन (O & M ) गरी ३५ दरबन्दी सिर्जना गरेको छ।स्थायी स्वीकृत दरबन्दी भन्दा बढी ३५ दरबन्दीमा ३० जना स्वास्थ्य सेवा तर्फ करारमा कर्मचारी राखी रु. ९७,२१,४०४।- खर्च गरेको छ। स्वास्थ्य संस्थाबाट सेवा लिन आउने सेवाग्राही तुलनात्मक रुपमा कम रहेको, चौबिसै घण्टा संचालन गर्ने वर्थिङ सेन्टरको केस अनुसार वर्थिङ सेन्टर समायोजन गर्नुपर्ने अवस्था रहेको छ। गाउँपालिकाले १५ औँ गाउँसभाबाट मिति २०८१-३-२८ मा O &M स्वीकृतीको लागि

लुम्बिनी प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाएको छ। गाउँपालिकाले सेवा प्रवाहको अवस्था,सेवाग्राहीको अवस्था लगायतको विषयको विश्लेषण गरी दरबन्दी पुनरावलोकन गर्नुपर्ने देखिन्छ।

| सैद्धान्तिक बेरुजु |
|---|

१३ **दरबन्दी भन्दा बाहिरका करार कर्मचारी -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारमा लिने कर्मचारीको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेत विश्लेषण गरी दरबन्दी प्रस्ताव गर्नुपर्ने र यस्तो दरबन्दीको व्यवस्थापन सर्वेक्षण गरी सभावाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरवन्दी वेगरका कार्यालय सहायक ३ जना र सहायक कम्प्युटर अपरेटर २ जना गरी ५ जना कर्मचारी करार नियुक्ति गरी तलव भत्ता रु. ९,८५,८००।- भुक्तानी गरेको पाइयो।करारमा स्वीकृत दरबन्दी बेगर कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमित नदेखिएको रु.

| अनियमित भएको | ९,८५,८०० |
|---|---|

१४ **आर्थिक सहायता -**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले यो वर्ष निश्चित विधि र मापदण्ड वेगर विभिन्न संघसंस्था र व्यक्तिहरुलाई महोत्सव संचालन,खेलाडी प्रोत्साहन,विभिन्न संस्थालाई महासंघमा आवद्ध हुनलाई महासंघको सदस्यता शुल्क,लिफ्टिङ्ग खानेपानी आयोजनाहरुलाई विद्युत मिटर तथा संरचना निर्माणमा सहयोग लगायतको लागि रु. ५,३५,००४।- आर्थिक सहायता वितरण गरेको छ। वितरित सहायताको औचित्य पुष्ट्याइ गरेको छैन। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

१५ **जिन्सी व्यवस्थापन -**

१५.१ **जिन्सी निरीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९, ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सो को निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१५.२ **खर्च भएर जाने सामान पाम्स V2 मा अद्यावधिक-** त्यसैगरी पालिकाले पाम्स V2 लागु गरेपछि खर्च भएर जाने लेबल बोरा ५०१५ गोटा, डायरी ५०३ पिस,व्याग (झोला) १२५ पिस,माई क्लियर व्याग २५२ पिस,त्रिपाल १८० पिस,परिचय पत्र डोरी ४६५ पिस,रेकर्ड फाइल २८०५ वटा,फोटोकपि पेपर १४५ रिम लगायतका ११३ आइटमका ४१०३६ परिमाण रु. ४१,५५,०८६।– मूल्य बराबरको जिन्सी मौज्दातको विवरण अद्यावधिक गरेको छैन।

| सैद्धान्तिक बेरुजु |
|---|

१६ **सहकारी नियमन-**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र २० वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका १२ सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS)मा विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट ९ वटा सहकारी संस्थाको

अनुगमन गरेको भन्ने पालिकाको भनाई रहेको छ। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१७ **वितरणमुखी कार्यक्रम** –

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासको लागि आवधिक,वार्षिक,रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरेको छ। आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने,उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,जनताको जीवनस्तर,आम्दानी र रोजगार बढ्ने प्रकारका योजना बनाई कार्यान्वयन गर्नुपर्ने व्यवस्था गरेको छ। गाउँपालिकाले ऐनले गरेको व्यवस्था बमोजिम वितरणमुखी कार्यक्रममा जोड नगरी उत्पादनमूलक तथा छिटो प्रतिफल दिने योजना छनौट गर्नुपर्दछ।गाउँपालिका तथा वडाहरुले लक्षित कार्यक्रम,मागमा आधारित कार्यक्रम,सिंचाई पाइप खरिद,खानेपानी पाइप खरिद लगायतका कार्यक्रममा रु. ४१,५०,०००।– रकम विनियोजन गरी रु. ३५,२४,४२६।– खर्च गरेको छ। लक्षित कार्यक्रमबाट गाउँपालिकाले नागरिकलाई सिरक,सिरकको खोल,थर्मस,झुल,हर्लिक्स,मह लगायतका सामान खरिद गरी वितरण गरेको छ। ऐनले गरेको व्यवस्था बमोजिम वितरणमुखी कार्यक्रममा जोड नगरी प्रतिफल दिने र रोजगारी सिर्जना गर्ने योजना छनौट गर्नुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१८ **आकस्मिक कोष** –

गाउँपालिकाको वित्तीय विवरण बमोजिम स्थानीय तह आकस्मिक कोष खाता (ग ७.१) मा रु. १,१०,८५,८४४।- मौज्दात रहेको छ। उपभोक्ता समितिको निर्माण कार्यमा गाउँपालिकाले २.५ प्रतिशत कट्टा गरी यस कोषमा जम्मा गर्ने गरेको छ। यस कोषको खर्च व्यवस्थापनमा दोहोरोपन नआउने गरी कोष परिचालन गर्नुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१९ **भ्रमण विलको भुक्तानी** -

भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको बिल भरी भ्रमण प्रतिवेदन साथ आवश्यक विल भरपाई कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले विभिन्न समयमा विभिन्न कर्मचारीको भ्रमण विलको भुक्तानी वर्षभरिमा 1/2 पटकमा गरी रु. २९,००,६१४।- भुक्तानी गरेको छ। असार महिनामा मात्र दैनिक भ्रमणमा खर्च रु. ८,८९,३२८।- भएको छ। लामो समयसम्म संकलन गरी राख्ने र एकै चोटी भुक्तानी गरेको अवस्थामा सबै भ्रमण आदेशबमोजिम भ्रमण प्रतिवेदन भए नभएको लगायत परीक्षण गर्न समस्या हुने हुन्छ। जुन समयमा भ्रमण भएको हो सो कार्य समाप्त भएपछि कार्यालयमा हाजिर भएपश्चात भ्रमण वील पेश गरी भुक्तानी लिने दिने कार्य गर्नुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२० **बीमा कार्यक्रम** –

२०.१ लुम्बिनी प्रदेशको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका,२०७९ को नियम १९ मा सार्वजनिक निकायको कार्यक्षेत्र तथा कार्य जिम्मेवारी भित्र पर्ने नियमित प्रकृतिको काम गरेबापत तलब वा पारिश्रमिक बाहेक अन्य थप सुविधा लिन पाइने छैन भन्ने व्यवस्था छ। गाउँपालिकाले कर्मचारी तथा पदाधिकारीको बीमा कार्य स्वरुप रु. ५,९९,२९८।- खर्च गरेको छ। निर्देशिकाको व्यवस्था बमोजिम थप सुविधा प्राप्त गर्ने हिसाबबाट खर्च गरेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५,९९,२९८ |

२०.२

त्यसैगरी पालिकाले विभिन्न वर्गको लागि देहायबमोजिम बीमा गरी रु. ३०,४८,७२१।- खर्च गरेको छ।गाउँपालिकाले आवश्यकताको आधारमा मात्र यस्ता कार्यक्रम गर्नुपर्दछ।दोहोरो हुने गरी सार्वजनिक निकायले खर्च गर्नु हुँदैन। खर्चमा मितव्ययिता कायम गरी काममा दोहोरो नगरी खर्च गर्नुपर्दछ।

| भौ. नं/मिति | बीमा कार्यक्रम | रकम रु. |
|---|---|---|
| ३५०।०८२-१-१७ | मजदुर दुर्घटना बीमा | २,९९,७२१।- |
| १३६।०८१-१०-३ | शिक्षक/विद्यार्थी दुर्घटना बीमा | ७,४९,०००।- |
| विभिन्न | विपन्न स्वास्थ्य बीमा कार्यक्रम | २०,००,०००।- |
| **जम्मा** | | **३०,४८,७२१।-** |

| सैद्धान्तिक बेरुजु |
|---|

२१ **सेवा परामर्श खर्च** –

गाउँपालिकाको स्वीकृत बजेटमा वास (Wash) योजना पुनरावलोकन तथा N Wash MIS मा रहेका तथ्याङ्क अद्यावधिक गर्ने कार्यको लागि रु. ६,००,०००।- बजेट व्यवस्था गरेको छ। तोकिएको कार्यक्रमबाट खर्च नगरी पालिकाले गाउँपालिका खानेपानी,सरसफाई तथा स्वच्छता (वास) योजनाको लागि सेवा परामर्शबाट नव किरण नेपाल सँग कार्य गराई N-Wash प्रणालीको लागि रु. ११,७४,३५२।- खर्च गरेको छ। गाउँपालिकाले यस भन्दा अगावै सो प्रणाली बनाई सकेको र सो प्रणाली अद्यावधिकको लागि रकम विनियोजन भएकोमा सोही रकम बाट कार्य गराउनुपर्नेमा कार्यक्रम संशोधन नगरी अर्को शिर्षकबाट कार्य गराई भुक्तानी गरेको अनियमित खर्च रु.

| अनियमित भएको | ११,७४,३५२ |
|---|---|

२२ **व्यवसायिक सामाजिक उत्तरदायित्व (CSR)** –

गाउँपालिकामा सिमेन्ट खानीहरुबाट व्यवसायिक सामाजिक उत्तरदायित्व (CSR) अन्तर्गत वातावरण संरक्षण कार्यको लागि रु. १५,००,०००।-प्राप्त भएको छ। सो रकमबाट पालिकाले रु. १,९९,०००।- खर्च गरी बावियो संरक्षण घेरावार योजना उपभोक्ता समिति मार्फत खर्च गरेको छ। खानीबाट वातावरणमा प्रभाव परेको र त्यस क्षेत्रमा बसोबास गर्ने नागरिक प्रतिको उत्तरदायित्व वहन गर्न प्राप्त रकम पालिकाले सोही क्षेत्रको वातावरण संरक्षणमा खर्च गर्नुपर्दछ।CSR कार्यको लागि प्राप्त रकम न्यून प्रतिशत मात्र खर्च भएको छ। त्यस तर्फ गाउँपालिकाको ध्यान जानुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

२३ **आयुर्वेद सेवा कार्यक्रम** –

७२।०८१-१२-८ संघीय २५२।०८१-१२-८ (गा. पा) गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम बमोजिम कार्यक्रमको रकम खर्च गर्दा निर्देशिका बमोजिम कार्य योजना बनाई स्वीकृत गरेर मात्र खर्च गर्नुपर्दछ।आयुर्वेद सेवा कार्यक्रम अन्तर्गत संघीय सरकार तथा गाउँपालिका श्रोतबाट रु. ७,४९,५९९।- खर्च गर्दा कार्यक्रम निर्देशिका बमोजिम खर्च गरेको छैन। जेष्ठ नागरिकको लागि स्वास्थ्य प्रवर्द्धन सेवा कार्यक्रम,विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम,नागरिक आरोग्य कार्यक्रम अभियान संचालन जस्ता अभिमुखीकरण जस्ता कार्यक्रम नगरी केबल कार्यक्रमको सबै रकमको औषधी खरिद गरी चिदीपानी आयुर्वेद औषधालयलाई हस्तान्तरण गरेको छ। निर्देशिका,कार्यविधि बमोजिम खर्च नगरी भएको खर्चलाई नियमित खर्च मान्न नसकिएको रु.

| अनियमित भएको | ७,४९,५९९ |
|---|---|

२४ **प्रधानमन्त्री रोजगार कार्यक्रम** -

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यो कार्यक्रम

व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिकाका ८ वडामा ८ योजना सञ्चालन गरी यस वर्ष ६५ जनालाई औसत ९९.८३ दिनले ६४८९ दिन रोजगारी उपलब्ध गराई रु. ४३,३४,८३७।- श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार खुलाएर योजना कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

२५ **दिवा खाजा –**

संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (चालु) तर्फ कक्षा १-५ को लागि दिवा खाजा स्वरुप रु. ६२,२१,०००।- बजेट व्यवस्था भै रु. ५५,७९,०००।- खर्च भएको छ। निर्देशिका बमोजिम कक्षा १-५ मा अध्ययनरत प्रति विद्यार्थी रु. १५ को दरले बार्षिक १८० दिनको लागि बजेट व्यवस्था भै खर्च भएको छ। संघीय सरकारको कार्यक्रम संग मेल खाने गरी गाउँपालिकाले कक्षा ६ को लागि रु. १४,००,०००।-बजेट व्यवस्था गरी रु. ७,७२,०००।- खर्च गरेको छ। स्थानीय सरकारले संघ तथा प्रदेश सरकारको कार्यक्रम सँग मेल खाने भन्दा छिटो प्रतिफल दिने,उत्पादनमूलक तथा रोजगारी सिर्जना गर्ने जस्ता कार्यक्रमहरुमा लगानी गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

२६ **निःशुल्क शिक्षा** -

नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन , २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास तथा शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पांचसय जनासम्म, पांचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ । शिक्षा नियमावली , २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग , महिला, दलित र जनजाति विद्यार्थीलाई छात्र वृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ । यसर्थ पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्वन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२७ **शिक्षक विद्यार्थी अनुपात –**

शिक्षा नियमावली, २०५९ को नियम ९२ तथा अनुसुची १२ वमोजिम शिक्षक विद्यार्थी अनुपात अनुसार शिक्षक दरवन्दि हुनुपर्दछ। पालिका अन्तर्गतका विद्यालयमा शिक्षक र विद्यार्थी अनुपात नमिलाई थप शिक्षक व्यवस्था गरी भत्ता भुक्तानी भएको छ। शून्य विद्यार्थी तथा न्यून विद्यार्थी भएका विद्यालयमा समेत पालिकाबाट थप तलव भत्ता रु. ३७,७३,०००।- खर्च भएको छ।

सैद्धान्तिक बेरुजु

२८ **निःशुल्क सेनेटरी प्याड-**

मानव श्रोत तथा विकास केन्द्रद्वारा जारी कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं २.७.१३.२३ मा सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क सेनेटेरी प्याड व्यवस्थापन सम्बन्धी व्यवस्था गरिएको छ। सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ६-१२ सम्मका छात्राहरुलाई वार्षिक १० महिना अवधिका लागि निःशुल्क सेनेटेरी प्याड उपलब्ध गराउने गरी स्थानीय तहले व्यवस्थापन गर्नुपर्ने व्यवस्था निर्देशिकाले गरेको छ। सो कार्यका लागि यो वर्ष रु १२,७८,०००।- बजेट व्यवस्था रहेको छ। स्थानीय तहले विद्यालयहरुमा गत विगतको मौज्दातको अवस्था यकिन गरी आवश्यक मात्रामा नियमानुसार खरिद गरी वितरण गर्ने र सो को अनुगमन समेत गर्नुपर्ने अवस्थामा यस वर्ष कार्यक्रमको रकम खर्च भएको छैन। विनियोजित बजेट खर्च नभएको अवस्थामा निर्देशिकाले गरेको व्यवस्था बमोजिम सामुदायिक विद्यालयका कक्षा ६-१२ सम्मका छात्रा विद्यार्थीहरुले निःशुल्क सेनेटरी प्राप्त गर्ने अवस्था

देखिएन। गत विगत वर्षको मौज्दातबाट विद्यार्थीहरुले प्राप्त हुने अवस्थाको यकिन गरी गाउँपालिकाले खरिद प्रकृयाबाट खरिद गरी तोकिएका छात्राहरुलाई सेनेटरी प्याड उपलब्ध हुने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२९ **कृषि तथा पशु अनुदान** -

कृषी क्षेत्रको रुपान्तरण, कृषी तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषी, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको संलग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकावाट ९३कृषक समुह र २८२६ कृषकको लागि रु.७९,९४,६९५।- खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

| क्र.स. | अनुदानको विवरण | अनुदान प्राप्त गर्ने संस्था / व्यक्ति | लाभान्वित सङ्ख्या | रकम (रु.) |
|---|---|---|---|---|
| १ | हातेटेक्टर (५०%) अनुदान | कृषक र विभिन्न कृषक समुह | १२८ | २९७४४८० |
| २ | धान,गहु,मकैको उन्नत विउ वितरण (५०%) अनुदान | कृषक र विभिन्न कृषक समुह | ७५५ | ५६८४८० |
| ३ | कुरिलो तथा सितल चिनी प्रर्वद्धन कार्यक्रम (७५% )अनुदान | कृषक र विभिन्न कृषक समुह | १७० | १९५७५० |
| ४ | एक गाँउ एक उत्पादन धनिया कार्यक्रम (७५% ) अनुदान | कृषक र विभिन्न कृषक समुह | ६४ | २९७६५६ |
| ५ | एक गाँउ एक उत्पादन खुर्सानि कार्यक्रम (६०%) अनुदान | कृषक र विभिन्न कृषक समुह | ४१ | २९७३०० |
| ६ | पोखरी पलाष्टिक अनुदान कार्यक्रम (९०%) अनुदान | कृषक र विभिन्न कृषक समुह | ४४ | ४००००० |
| ७ | एक गाँउ एक उत्पादन तरकारी कार्यक्रम (९०%) अनुदान | कृषक र विभिन्न कृषक समुह | ९७ | २६४२६० |
| ८ | एक गाँउ एक उत्पादन आलु कार्यक्रम (५०%) अनुदान | कृषक र विभिन्न कृषक समुह | १४० | ४९८८०० |
| ९ | हिउँदे तरकारी बीउ बीजन कार्यक्रम (७५%) अनुदान | कृषक र विभिन्न कृषक समुह | २७१ | ३८५५०० |
| १० | बीउ उत्पादन कार्यक्रम | कृषक र विभिन्न कृषक समुह | १ समुह | १७०१५० |
| ११ | रसायनिक विषादी खरिद तथा वितरण | कृषक र विभिन्न कृषक समुह | ७८३ | ३९०६६० |
| १२ | फलफूल क्षेत्र विस्तार कार्यक्रम (७५%) अनुदान | कृषक र विभिन्न कृषक समुह | ३८३ | २००००० |
| १३ | व्यावसायिक फूल खेति प्रोत्साहन कार्यक्रम (७५%) अनुदान | कृषक र विभिन्न कृषक समुह | - | १६८००० |
| १४ | नयाँ तरकारी पकेट कार्यक्रम | गौरा बारी कृषक समुह | ४२ | ११८३६५९ |
| **जम्मा** | | | **९३कृषक समुह र २८२६ कृषक** | **७९९४६९५** |

सैद्धान्तिक बेरुजु

३० **औषधि खरिद** -

पालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधीमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा १८ महिना वाँकी हुनु पर्दछ। त्यसैगरी भण्डारमा

दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले संघीय शसर्त बजेट उप शिर्षकबाट र पालिका चालु बाट औषधि र उपकरण खरिद गरी समुन्द्र मेडिको फर्मलाई रु. ३१,८२,४९९।- भुक्तानी दिएको छ। पालिकाले औषधि वितरण गर्दा औषधिको म्याद नसकिने गरी First in First out (FIFO) प्रणालीबाट निकासा गर्नुपर्दछ। अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

३१ **राजस्व असूली** –

पालिकाको विवरण बमोजिम विभिन्न शिर्षकमा गरी राजस्व असूली रु. १,५६,३५,५३७।- रहेको छ। भूमिकर/मालपोत, बहालकर,सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय ०८०।८१ को तुलनामा यस वर्ष केही प्रतिशत वृद्धि भएको छ भने अन्य श्रोतबाट प्राप्त रोयल्टी १०० प्रतिशत, शिक्षा क्षेत्रको आय १९ प्रतिशत, परीक्षा शुल्क ३४ प्रतिशत, नाता प्रमाणित दस्तुर २६ प्रतिशत तथा प्रदुषण नियन्त्रण शुल्क १०० प्रतिशतले कमि आएको छ। पालिकाले सबै क्षेत्रको आय वृद्धि हुने गरी व्यवस्थापन गर्नुपर्ने देखिन्छ।

| सैद्धान्तिक बेरुजु |
|---|

३२ **आन्तरिक आयतर्फ** -

गाउँपालिकाले यस वर्ष आन्तरिक आय अन्तर्गत दहत्तर बहत्तर बाट रु. ४५.५१,२३०।- प्राप्त गरेको छ। सो सम्बन्धमा निम्न व्यहोरा देखिएको छः

३२.१ ठेक्का नलगाएको – गाउँपालिका क्षेत्रमा पर्ने तिनाउ,झणेवा,झुम्सा र अरुण खोलाको वगर क्षेत्रबाट नदीजन्य पदार्थको उत्खनन तथा संकलन कार्यको वातावरणीय परीक्षण प्रतिवेदन (EIA) २०७९ पौषमा प्राप्त भएको छ।दुई वर्ष अवधि रहेको सो प्रतिवेदन बमोजिम २०८१ माघ देखि गाउँपालिकाले नयाँ IEE प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ।सो IEE प्रतिवेदन बमोजिम तोकिएको क्षेत्रमा तोकिएको परिमाण संकलन कार्यको लागि तोकिएको मूल्यलाई न्यूनतम मूल्य कायम गरी प्रतिस्पर्धाको माध्यमबाट ठेक्का व्यवस्थापन गर्नुपर्दछ। गाउँपालिकाले IEE प्रतिवेदन बमोजिम सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ बमोजिम प्रतिस्पर्धाको माध्यमबाट बढावढ गरी ठेक्का लगाउनुपर्नेमा सो बमोजिम ठेक्का लगाएको छैन। प्रतिस्पर्धाको माध्यमबाट बढीभन्दा बढी राजस्व प्राप्त हुने गरी ठेक्का व्यवस्थापन गर्नुपर्दछ। आर्थिक वर्ष २०८०।८१ मा रु. ४५,६३,२०३।- नदीजन्य पदार्थबाट राजस्व संकलन भएकोमा आर्थिक वर्ष २०८१।८२ मा रु. ४५,५१,२३०।- संकलन भएबाट पालिकाको राजस्व संकलन वृद्धि हुन सकेको छैन।

| सैद्धान्तिक बेरुजु |
|---|

३२.२ गैह्र सरकारी व्यक्तिलाई राजस्व उठाउने जिम्मा – गाउँपालिकाको मिति २०८०-९-१२ तथा ९-२२ को निर्णयले गाउँपालिकाको वडा नं १,२,३ र ८ को राजस्व उठाउने तथा वडा नं ४ ,५,६,७ र ८ को जिम्मा २ गैह्र सरकारी व्यक्तिलाई दिएको छ। नगदी रसिद कार्यालयबाट व्यक्तिलाई जिम्मा लगाउने र संकलित राजस्वको १० प्रतिशत प्रोत्साहन स्वरुप निज व्यक्तिलाई नै फिर्ता दिएको अवस्था छ। गाउँपालिकाले गैह्रसरकारी व्यक्तिलाई राजस्व उठाउने जिम्मा दिने कार्य कानून सम्मत छैन। गाउँपालिकाले आफ्नै जनशक्तिबाट व्यवस्थापन गरी राजस्व संकलन गर्नुपर्ने,प्रतिस्पर्धाको माध्यमबाट राजस्व संकलन कार्य गर्नुपर्नेमा गैह्रसरकारी व्यक्तिबाट संकलन गरेवापत प्रोत्साहन खर्च लेखेको रु. ९७,०७२।- अनियमित खर्च रु.

| अनियमित भएको | ९७,०७२ |
|---|---|

३३ **पुँजीगत खर्चको अवस्था** -

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा संभव भएसम्म खुल्ला रुपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा यो वर्ष पूँजीगत शिर्षकबाट रु. १५,८९,२०,२५६ खर्च गरेकोमा रु. ७ करोड २६ लाख २४ हजार अर्थात् ४५.७० प्रतिशत बोलपत्रबाट खरिद गरेको छ। कुल खरिद मध्ये सिलबन्दी दरभाउपत्रबाट रु. १ करोड ४० लाख ४९ हजार, सोझै रु. २ करोड

५३ लाख ३४ हजार र उपभोक्ता समितिबाट रु. ४ करोड ६९ लाख १३ हजारको खरिद गरेको छ। सोझै, अमानत तथा उपभोक्ता समितिबाट खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

३४ **१५ शैया अस्पताल तर्फ** -

मिति २०७८ जेठ २० गते रु.१७,५०,५१,२५९.५९ लागत अनुमान भएको यस अस्पताल निर्माण कार्य प्राकृतिक निर्माण सेवा प्रा.लि.सँग शुरु सम्पन्न २०८० जेठ १९ गते गर्ने गरी रु.१२,१८,००,२४८.६५ मा सम्झौता भएकोमा २०८२।०६।३० सम्म चौथोपटक म्याद थप गरी हालसम्म (१०औं आई.पी.सी.सम्म) रु.९,०५,६२,९०३.३५ खर्च भएको तथा आर्थिक वर्ष २०८१।०८२ मा रु.२,१८,६४,४६३ भुक्तानी भएकोमा सोको परीक्षण गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन्,

३४.१ **बजेट तथा निर्माण स्थलको व्यवस्था** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ मा बजेट तथा निर्माण स्थलको व्यवस्था वेगर खरिद कारबाही गर्न नहुने व्यवस्था रहेको छ । विगतका वर्षमा भुक्तानीका समस्याले समयमै कार्य सम्पन्न नगरी म्याद थप गर्ने प्रवृति देखिएकोमा यस वर्ष पर्याप्त बजेट हुँदाहुँदै पनि ईलेक्ट्रिकल सामानको जडान र परीक्षणका लागि आवश्यक पर्ने ट्रान्सफर्मर र ३ फेज मिटर जडान निर्माण स्थलमा उपलब्ध नभएको तथा उक्त आइटम ठेक्का सम्झौतामा नभएको साथै पालिकाले समेत उक्त कार्यको लागि उचित प्रबन्ध नगर्दा यस वर्ष अस्पताल निर्माणको लागि प्राप्त भएको रु. ३,८७,७८,००० मध्ये जम्मा रु. २,१८,६४,४६३ खर्च भई बाँकी बजेट रु.१,६०,१३,५३७ फ्रिज भएको छ । निर्माणाधिन अस्पतालको भौतिक निरीक्षण गर्दा एसी लगायतका ईलेक्ट्रीकल सामान निर्माण व्यवसायीले निर्माण स्थलमा मौज्दातमा राखेको तर क्षमता अनुसारको विद्युत प्रसारण लाईन र पूर्वाधारको अभावमा सोको जडान गरी समयमै निर्माण सम्पन्न गर्न नसकेको स्थिति देखिन्छ । तसर्थ निर्माण कार्य गर्दा सोको पूर्वतयारी, बजेट तथा निर्माण स्थलको व्यवस्था गरेर मात्र गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३४.२ **निर्माण कार्यको पूर्वतयारी र म्याद थप** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(५) मा सार्वजनिक निकायले बहुवर्षिय सम्झौता बमोजिम गरिने खरिदको हकमा उपनियम २ को खण्ड क बमोजिम अन्य वर्षका लागि खरिद कारबाही गर्दा आवश्यक पर्ने बजेटको सुनिश्चितता गरेर मात्र खरिदको कारबाही शुरु गर्नुपर्ने व्यवस्था गरेको छ । यस अस्पताल निर्माणको ठेक्कामा प्रथम पटक निर्माण स्थल उपलब्ध नगराएको कारणले २०८१।०२।१५ सम्म म्याद थप भएको देखिन्छ भने दोस्रो र तेस्रो म्याद थप बजेट सुनिश्चितता नभएर भुक्तानीको समस्याले भएको उल्लेख छ । त्यस पश्चातको चौथो पटक म्याद थप ईलेक्ट्रिक जडान र परीक्षणको लागि ट्रान्सफर्मर र ३ फेजको मिटर नभएको कारण भएको देखिन्छ । यसरी बजेट तथा निर्माण स्थलको व्यवस्था नभई ठेक्का लगाँउदा २ वर्ष अर्थात शत प्रतिशत म्याद थप भई निर्माण कार्य समयमै सम्पन्न नभएकोले क्रमागत योजनामा समयमै कार्य सम्पन्न हुने गरी बजेट विनियोजन नगर्दा म्याद थपबाट सिर्जना हुने थप आर्थिक तथा व्यवस्थापकीय लागत प्रति जवाफदेही हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३५ **म्याद थप** -

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा व्यवसायी वा आपूर्तिकर्ताले कारण सहित खरिद सम्झौताको म्याद थपको लागि निवेदन दिएमा मनासिव कारण विश्लेषण गरी सम्झौता अवधि थप गर्न सकिने व्यवस्था छ।पालिकाले तपसिल बमोजिमको खरिद सम्झौतामा नियमावलीले गरेको व्यवस्था बमोजिम कारण उल्लेख गरी म्याद थप गरेको छैन। यसरी काबु वाहिरको परिस्थिति बाहेक पूर्व निर्धारित क्षतिपूर्ति समेत निर्धारण नगरी नियमित रूपमा म्याद थप गर्ने अवस्था विश्लेषण गरेर यस्तो कार्यमा नियन्त्रण हुनपर्दछ।

| क्र.सं. | ठेक्का नं. | सम्झौता मिति | शुरु सम्पन्न मिति | म्याद थप | म्याद थप पछि सम्पन्न गर्नुपर्ने मिति | हालसम्मको प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | ३-०८१।८२ (देउगिर झडेवा सडक कालोपत्रे) | २०८१।०९।०५ | २०८२।०१।३० | २ पटक ५ महिना | २०८२।०६।३० | ५० |
| २ | ७-०८१।८२( सर्वोत्तम सिमेन्ट पहुँच मार्ग) | २०८१।११।१८ | २०८२।०३।१० | १ पटक ३ महिना | २०८२।०६।३० | ६३ |

सैद्धान्तिक बेरुजु

३६ **पूर्व निर्धारित क्षतिपूर्ति-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा खरिद सम्झौतामा तोकिएको म्यादभित्र कार्य सम्पन्न नगरेमा पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ । देहाय अनुसार निर्माण कार्यको निर्माण व्यवसायीसँग भएको खरिद सम्झौताको जि.सि.सि ५५.१ मा निर्माण कार्य समयमै सम्पन्न नभएमा प्रतिदिन ०.०५ प्रतिशतका दरले पूर्व निर्धारित क्षतिपूर्ति लाग्ने उल्लेख छ । तसर्थ सम्झौतामा उल्लेख भए बमोजिम निर्माण कार्य समयमै सम्पन्न नगरी स्पष्ट कारण र काबु बाहिरको परिस्थिति वेगर म्याद थप गरी योजना अधुरो राखेको देखिएकोले तपसिल बमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति असुल गरी कार्य सम्पन्न गर्नुपर्ने रु.

| क्र.सं. | निर्माण/खरिद कार्य | निर्माण व्यवसायी/सप्लायर्स | सम्पन्न गर्नुपर्ने मिति | सम्झौता रकम | असार मसान्त सम्मको जरिवाना अवधी | रकम रु. |
|---|---|---|---|---|---|---|
| १ | देउगिर झडेवा मोटरबाटो | एस.एम. कन्स्ट्रक्सन एण्ड सप्लायर्स | २०८२।०१।३० | ४९,६१,८१६.४६ | ६२ | १,३६,१२१ |
| | | | | | असुल गर्नुपर्ने | १,३६,१२१ |

३७ **प्रशासकीय भवन पूर्वाधार -**

प्रशासकीय भवन निर्माणको लागि लागत अनुमान रु.९,५५,०८,९९७.१ भएको ठेक्का नं. ०६-०८१।८२ को कार्य निर्माण व्यवसायी नेरिसा जेसिका साहिल जेभीसँग मिति २०८१ चैत्र २२ गते रु. ६,७६,८५,४८८.८५ मा सम्झौता भई २०८३ चैत्र २१ सम्म सम्पन्न गर्ने गरी कार्य भएकोमा दोस्रो रनिङ्ग बिल मिति २०८२।०३।२४ सम्म पेश्की समेत रु. १,६२,१३,५७६ भुक्तानी भएको छ । निर्माण व्यवसायीले पेश गरेको कार्य योजना अनुसार २०८२ बैशाख र जेठ महिना भित्र ढुंगाको गार्हो लगाउने कार्य, पिसिसिको कार्य र फिलिङ्गको कार्य सम्पन्न गर्ने उल्लेख भएकोमा उक्त अवधिसम्म ढुंगाको गार्हो लगाउने कार्य करिब ३० प्रतिशत मात्र सम्पन्न भएको देखिएकोले कार्ययोजना अनुसार कार्य गराउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३८ **नमुना विद्यालय तर्फ -**

दिव्यज्योति मा.वि. निर्माण- गाँउपालिकाबाट मिति २०७८ पौष १ गते निर्माण व्यवसायी न्यु ड्र्यागन आर एण्ड आर जेभीसंग रु. ४,२६,२९,००८.२१ मा २०८१ मंसिर मसान्त सम्म सम्पन्न गर्ने गरी ठेक्का सम्झौता भई हालसम्म ८ वटा रनिङ्ग बिलबाट रु. ४,०३,९५,८१४.४० (मूल्य समायोजन सहित) भुक्तानी भएको छ। आर्थिक वर्ष २०८१।०८२ मा गो.भौ.नं. ८-०८१।१०।२९ र १४-०८२।३।१९ बाट क्रमश: रु. ४४,००,०००।- र ५६,००,०००।- भुक्तानी भएकोमा सोको परीक्षणबाट देखिएका व्यहोराहरु देहाय बमोजिम छन्:

३८.१ **म्याद थप-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा व्यवसायी वा आपूर्तिकर्ताले कारण सहित खरिद सम्झौताको थपको लागि निवेदन दिएमा मनासिव कारण विश्लेषण गरी सम्झौता अवधि थप गर्न सकिने व्यवस्था छ। प्रस्तुत ठेक्कामा विद्यालय भवन निर्माणका लागि २०८१ मंसिर मसान्तसम्मको म्याद दिएकोमा उक्त अवधिमा निर्माण व्यवसायीले कार्य सम्पन्न गर्न नसकि २०८२ असोज ३० सम्म म्याद थप भएको देखिन्छ । म्याद थपको प्रमुख कारण संघीय सशर्तको बजेट नपुग आएकोले समयमै कार्य गराउन

नसकिएको उल्लेख रहेको छ । क्रमागत योजनामा समयमै कार्य सम्पन्न हुने गरी बजेट विनियोजन नगर्दा म्याद थपबाट सिर्जना हुने थप आर्थिक तथा व्यवस्थापकीय लागत प्रति जवाफदेही हुनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३८.२ **मूल्य समायोजन-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५ मा मूल्य समायोजन सम्बन्धि व्यवस्था रहेको छ । निर्माण व्यवसायीले समयमै कार्य सम्पन्न नगरी म्याद थप भएमा शूरु म्याद समाप्त भएको अवधीबाट मूल्य समायोजन फ्याक्टर फ्रिज गरी मूल्य समायोजन दिने प्रबन्ध गर्नुपर्दछ । यस ठेक्कामा २०८१ मंसिर मसान्तमा शुरु म्याद समाप्त भएकोमा उक्त अवधि भन्दा ३० दिन पहिलाको मूल्य समायोजन फ्याक्टर गणना गरी आगामी भुक्तानीमा सोही फ्याक्टरलाई आधार लिई भुक्तानी दिनुपर्नेमा उक्त अवधिको प्याक्टर १.१०४० फ्रिज नगरी तपसिलबमोजिम बढेको फ्याक्टरका आधारमा ८ औं आई.पि.सि.मा मूल्य समायोजन दिँदा बढी भुक्तानी भएको रु. ४३,९०८ रकम मूल्य समायोजन सूचकांक एकिन गरी सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| आई.पि.सि. | बिजक रकम | दिएको सूचकांक | दिनुपर्ने सूचकांक | फरक सूचकांक | बढी भुक्तानी भएको रकम |
|---|---|---|---|---|---|
| ८ औ | ३९,९१,६४४.८६ | १.११५० | १.१०४० | ०.०११ | ४३,९०८ |

| असुल गर्नुपर्ने | ४३,९०८ |
|---|---|

३९ **पाइप खरिद ठेक्का -**

पालिकाले विभिन्न खानेपानी योजनाका लागि रु. ४४,०४,७८८ लागत अनुमानको कार्य मिति २०८१ चैत्र २२ गते नेपाल ब्ल्याक गोल्ड एण्ड एलाईड ईण्डष्ट्रिजसँग रु. २८,१०,८६० मा सम्झौता भई गो.भौ.नं. १८०-०८२।०२।१९ बाट रु. २८,१०,८५७ भुक्तानी भएकोमा सोको परीक्षण गर्दा देखिएको व्यहोरा देहाय बमोजिम छन्,

**कार्यसम्पन्न प्रतिवेदन र पाईपको संरक्षण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२२ अनुसार निर्माण कार्यको लागि खरिद गरिएका निर्माण सामग्रीहरु जडान गरी नापी किताब र कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ । पालिकाले उल्लेखित ठेक्का बमोजिम पालिका तथा वडास्तरीय खानेपानी योजनाका लागि खरिद गरेका रु. २८,१०,५७ को पाईप खन्ने पुर्ने सहितको नापी किताब र कार्यसम्पन्न गर्दा उल्लिखित योजनामा हस्तान्तरण भएका पाईप नापी किताबमा चढाई कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुका साथै सोही बमोजिम उपभोक्ताको अंश समेत कायम गर्नुपर्दछ । पाईपलाईन खन्ने र पुर्ने कार्य उपभोक्ता समितिबाट नगराउँदा डढेलो लगायतका विपद्ले योजनामा क्षति पुग्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

४० **मौलाथर फुदुम्दी ढाडकोन मोटरबाटो निर्माण योजना-**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिमार्फत कार्य गर्ने सम्बन्धी व्यवस्था रहेको छ । श्रममूलक, मितव्ययी र दिगो कार्य गर्न उपभोक्ता समितिलाई परिचालन गर्न सकिने व्यवस्था रहेको छ । उपभोक्ता समिति मार्फत यस योजनामा माटो तथा सामान्य चट्टान कटानको लागि मेशिन प्रयोग गरेकोमा सोही बाटोको नाली निर्माण मानिसबाट खन्ने गरी लागत अनुमान तयार गरेको पाईयो ।मानिसले नाली खन्ने कार्यको प्रति घनमिटर दर रु. ५२६.३३ रहेकोमा मेशिनद्धारा सोही नाली खन्ने काम प्रति घनमिटर रु. १०६.३३ मा हुने देखिन्छ । मेशिनको प्रयोग गरी बाटो निर्माण भैरहेको स्थानमा मानिसद्धारा १७८.३३ घ.मी. नाली निर्माण गर्दा बढी दर रु. ४२०.०३ ले रु. ८६,९४६ बढी व्ययभार पर्ने गरी कार्य गराउनु नियमसम्मत नदेखिएको रु.

| अनियमित भएको | ८६,९४६ |
|---|---|

४१ **उपभोक्ता समिति दर्ता तथा योजना हस्तान्तरण -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा कुनै पनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न १६४ उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु. ४,६९,१३,६०० भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त

व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्ययको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ । साथै कार्यसम्पन्न भएका कुनै पनि कार्य उपभोक्ता समितिलाई हस्तान्तरण भएको समेत पाईएन् । ऐनको व्यवस्था बमोजिम सोको रेखदेख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४२ **निलम्बित करदातासँग उपभोक्ता समितिको कारोबार-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९(५) सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था रहेको छ । साथै मूल्य अभिवृद्धिकर ऐन, २०५८ को दफा ११ (१) (ङ) मा लगातार १२ महिनासम्म शुन्य विवरण दिने वा विवरण नदिई बसेका करदाताको कर अधिकृतले दर्ता खारेजी गरी निलम्बन गर्न सक्ने व्यवस्था रहेको छ । पालिकाबाट उपभोक्ता समितिमार्फत संचालित तपसिलका आयोजनामा सामान उपलब्ध गराउने तपसिलको फर्म २०७९ चैत्र देखि ननफाईलर भई आन्तरिक राजस्व विभागबाट निलम्बित रहेकोले उक्त फर्मलाई उपभोक्ता समितिबाट भुक्तानी भएको रकम रु. ११,५८,४६४।- यथार्थता सम्बन्धमा यकिन हुनुपर्दछ ।

| गो.भौ.नं. र मिति | उपभोक्ता समिति | कारोबार भएको फर्म | बिजकको रकम |
|---|---|---|---|
| १८४ -०८२।०२।२६ | ढोलीवास खानेपानी उपभोक्ता समिति | झडेवा क्रसर उद्योग प्रा.लि.(६१००१४२८६) | ५८,८२३ |
| २०७-०८२।०३।०२ | सराई खेल मैदान स्तरोन्नति उपभोक्ता समिति | झडेवा क्रसर उद्योग प्रा.लि.(६१००१४२८६) | ४३,५०५ |
| २०६-०८२।०३।०२ | चौलानी खेलमैदान उपभोक्ता समिति | झडेवा क्रसर उद्योग प्रा.लि.(६१००१४२८६) | १,२२,२२० |
| २१६-०८२।०३।०६ | मौलाथर फुदुम्दी ढाडकोन मोटरबाटो उपभोक्ता समिति | झडेवा क्रसर उद्योग प्रा.लि.(६१००१४२८६) | ९,३३,९१६.१० |
| **जम्मा** | | | **११,५८,४६४** |

सैद्धान्तिक बेरुजु

४३ **समितिले निर्माण व्यवसायीको प्रयोग-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैंले सम्पन्न गराउनु पर्ने तथा कुनै निर्माण व्यवसायी वा सब कन्ट्र्याक्टरबाट गराउन नपाउने व्यवस्था गरेको छ । नमुना छनौट गरी परिक्षण गर्दा पालिकाले देहाय अनुसार सडक निर्माण तथा स्तरोन्नति कार्यको लागि डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरी लागत अनुमान तयार गरेको छ । उपभोक्ता समितिको स्थानीय सिप तथा श्रम प्रयोग नहुने गरी हेभी मेसिन प्रयोग हुने गरी लागत अनुमान तयार गरी उपभोक्ता समितिसँग सम्झौता गरे अनुसार देहाय अनुसार उपभोक्ता समितिले निर्माण व्यवसायीबाट कार्य गराई तपसिल बमोजिमको बिजक संलग्न गरेको देखिन्छ । हेभी मेसिन प्रयोग हुने तथा जटील प्रकृतीका निर्माण कार्यहरु प्याकेजिङ्ग गरी प्रतिस्पर्धाको माध्यमबाट निर्माण व्यवसायीबाट गराउनुपर्दछ ।

| गो.भौ.नं. र मिति | भुक्तानी रकम | उपभोक्ता समिति | कार्य | निर्माण व्यवसायी | निर्माण व्यवसायीको बिजक रकम |
|---|---|---|---|---|---|
| १९९-०८२।०२।२९ | ५,००,००० | रहबास मटेरी मोटरबाटो उपभोक्ता समिति | मोटरबाटो ढलान | माथागढी कन्स्ट्रक्सन कम्पनी प्रा.लि. | ४,२९,३७४ |
| २२१-०८२।०३।११ | १०,००,००० | बाघमारा बेतेनी मोटरबाटो उपभोक्ता समिति | बाटो खन्ने कार्य | के.एन. बिल्डर्स | ११,१८,७०० |
| २१६-०८२।०३।०६ | ९,३५,७४१ | मौलाथर फुदुम्दी ढाडकोन मोटरबाटो निर्माण उपभोक्ता समिति | बाटो खन्ने कार्य | झडेवा क्रसर उद्योग प्रा.लि. | ९,३३,९१६ |

सैद्धान्तिक बेरुजु

४४ **उपभोक्ता समितिको अधुरो कार्य** -

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत कार्य गर्न सकिने व्यवस्था रहेको छ । उपभोक्ता समितिले सम्झौता बमोजिम तोकिएको समयमा कार्य सम्पन्न गरी प्राविधिक मूल्यांकन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात समेत त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था रहेको छ । झडेवा जगात सुनवल महलपोखरी मोटरबाटो स्तरोन्नति उपभोक्ता समिति वडा नं. ६ सँग मिति २०७८।०८।२१ मा रु. ५५,०७,७९१.५३ लागत अनुमानको कार्य २०७८।११।२५ मा सम्पन्न गर्ने गरी सम्झौता भएकोमा समितिले मिति २०७८।०८।२१ मा रु. १६,००,०००।- पेश्की समेत लगेर हालसम्म उक्त पेश्की फछ्र्यौट तथा योजना फरफारक गरेको छैन । तसर्थ सम्झौता बमोजिम कार्य नगर्ने उक्त उपभोक्ता समितिका पदाधिकारीहरुलाई जिम्मेवार बनाई पेश्की ब्याज समेत असुल गरी उक्त कार्य उपभोक्ता समितिको लागतमा सम्पन्न गराउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४५ **सडक सुधार योजना** –

४५.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट संचालित हुने निर्माण कार्यमा लोडर,एक्साभेटर,रोलर,डोजर जस्ता हेभी मेशिन प्रयोग गर्न नपाइने,लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनि उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्तो मेशिन प्रयोग गर्न सकिने व्यवस्था छ। गाउँपालिकाले वडा नं १ ,२,३, ४ र ७ को विभिन्न सडकमा सडक स्तरोन्नति गर्ने कार्यको लागि सडक सुधार योजना उपभोक्ता समिति गठन गरी रु. ४९,९९,१२४।- को लागत अनुमान बनाई सडक सम्माउने र सडक ग्राभेल गर्ने कार्य गरेको छ। उपभोक्ता समितिले स्वयं कार्य नगरी रु. १२,६३,३४०।- को कार्य निर्माण व्यवसायी रम्भादेवी कन्स्ट्रक्सन एण्ड विल्डर्सबाट ग्राभेल ओछ्याउने कार्य गरेको छ। सो कार्य गराउन नियमावलीले गरेको व्यवस्था वमोजिम लागत अनुमानमा सो कार्य खुलाएको छैन।

सैद्धान्तिक बेरुजु

४५.२ **संचित कोष फिर्ता गर्नुपर्ने**- सडक सुधार योजना अन्तर्गत ग्राभेल गर्ने कार्य उपभोक्ता समितिबाट र सो सडकको लेभलिङ र स्तरोन्नति कार्यको लागि हेभि इक्विपमेन्ट डिभिजन वुटवलले ग्रेडर,रोलर र टिप्पर उपलब्ध गराउने गरी रु. ११,३९,२५०।- सो डिभिजनलाई उपलब्ध गराएको छ। उपभोक्ता समितिबाट कार्य गराउदा सडकको नाली निर्माण नभएको,सडकको लेभलिङ लगायत स्ट्रक्चरको कार्य नगरी ग्राभेलिङको कार्य मात्र गरेको कारण लामो समयसम्म सडकको सुरक्षा नहुने अवस्था छ। स्ट्रक्चरको कार्य पछि सडक ग्राभेल गरी सो को स्तरोन्नतिको लागि हेभि इक्विपमेन्ट डिभिजनबाट समयमा प्राप्त हुनुपर्ने ग्रेडर,रोलर लगायतको हेभि इक्विपमेन्ट प्राप्त नहुँदा सडक टिकाउ हुने अवस्था छैन। के कुन समयमा सो कार्य गर्ने, कहिले हेभि इक्विपमेन्ट उपलब्ध गराउनु पर्ने लगायतका विषय खुलाई

सम्झौता गरेको छैन। डिभिजनलाई सम्झौता नगरी रकम रु. ११,३९,२५०।- उपलब्ध गराएको र जुन कार्यको लागि रकम भुक्तानी गरिएको हो सो कार्य समेत नभएको कारण सो रकम असूल गरी संचित कोष दाखिला गर्नुपर्ने रु. ११३९२५०

| असुल गर्नुपर्ने | ११,३९,२५० |
|---|---|

४५.३ स्ट्रक्चरको कार्य नभएको -उपभोक्ता समिति मार्फत कार्य गराउदा लागत अनुमानमा कुन वडामा के कति चेनेजमा कार्य गर्नुपर्ने उल्लेख नगरेको,लागत अनुमान बमोजिम कार्य सम्पन्न भए नभएको एकिन नभएको अवस्था छ।नाली निर्माण,सव वेस,वेस लगायतको कार्य गरी सडक स्तरोन्नति गर्नुपर्नेमा स्ट्रक्चरको कार्य नगरी केवल सडकमा ग्राभेल ओछ्याउने मात्र कार्य गरी उपभोक्ता समितिलाई रु. ४५,४५,०००।- भुक्तानी भएको छ।सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१२) बमोजिम सार्वजनिक निकायले निर्माण कार्यको रेखदेख,मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले विभिन्न वडाको व्यक्तिहरु राखी अस्थायी प्रकृतिको उपभोक्ता समिति गठन गरेबाट सो सडकको हस्तान्तरणमा समेत समस्या पर्ने हुन्छ। पालिकाले नियमावलीले गरेको व्यवस्था वमोजिम सडक दीर्घकालीन रुपमा संचालनमा आउने गरी कम लागतमा बढी स्तरीय कार्य हुने गरी स्ट्रक्चरको कार्य नगरी केवल ग्राभेल ओछ्याउने कार्य मात्र गरेको रु.

| अनियमित भएको | ४५,४५,००० |
|---|---|

४६ **पेश्की बाँकी -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेश्की दिने र फछ्यौंट गर्ने सम्बन्धी व्यवस्था रहेको छ। कार्यालयले सम्झौताको शर्तअनुसार दिने पेश्की सम्झौतामा नै उल्लेख भए बमोजिम फछ्यौंट गर्दै जानुपर्दछ। पालिकाको विवरण बमोजिम म्याद बाँकी रहेको निर्माण व्यवसायीको नाममा रहेको पेश्की रु. ६९,१४,०००।- र म्याद नाघेको उपभोक्ता समितिको पेश्की रु. १८,००,०००।- रहेको छ। उपभोक्ता समितिको पेश्की फछ्यौंट नभएको भनि गत विगत वर्ष देखि उल्लेख गरिदै आएकोमा हालसम्म पनि फछ्यौंट नभै बाँकी नै रहेको छ। पेश्की बाँकी रकम नियमानुसार फछ्यौंट गर्नुपर्दछ।

| **निर्माण व्यवसायी** | **निर्माण कार्य** | **पेश्की बाँकी रकम रु.** |
|---|---|---|
| नेरीसा-जेसिका-साहिल जे.भी. | प्रशासनिक भवन | ५९,१४,०००।- |
| हिरेन्द्र निर्माण सेवा प्रा लि | सभाहल वडा नं ३ | १०,००,०००।- |
| **जम्मा** | | **६९,१४,०००।-** |
| **उपभोक्ता समिति** | | |
| कसेनी बजार व्यवस्थापन समिति | सडक तथा पुल | २,००,०००।- |
| झडेवा जगात सुनवल महलपोखरी मोटरबाटो उपभोक्ता समिति | मोटरबाटो स्तरोन्नति | १६,००,०००।- |
| **जम्मा** | | **१८,००,०००।-** |

| सैद्धान्तिक बेरुजु |
|---|

# अनुगमन लेखापरीक्षण

४७ अनुगमन तथा सम्परीक्षण -

**(क) सम्परीक्षण :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० बमोजिम लेखापरीक्षणबाट औँल्याइएका बेरुजु सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपरगरी फर्स्यौट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजुसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारी को हुने उल्लेख छ । पालिकाको २०८१ सम्मको बाँकी

बेरुजु रु. १९,०४,५४,०००।-मध्ये रु. २३,२६,३२०।- फस्यौंट गरी सम्परीक्षणका लागि नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली मार्फत अनुरोध गरेकोमा उक्त बेरुजु सम्परीक्षण गरिएको छ।सम्परीक्षण सम्बन्धमा उक्त प्रणाली मार्फत जानकारी गराइनेछ ।

**(ख) अध्यावधिक बेरुजुको अवस्थाः** यस **माथागढी गाउँपालिका, पाल्पा** को २०८२ सम्मको फस्यौंट गर्न बाँकी बेरुजुको स्थिति देहाय अनुसार रहेको छ । नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली लागू भए पश्चात बेरुजुको सम्परीक्षण पनि उक्त प्रणालीबाट नै हुने भएकाले बाँकी बेरुजु सम्परीक्षण गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

| सि.नं | गत वर्षसम्मको बाँकी बेरुजु (A) | यो वर्ष सम्परीक्षण गरिएको बेरुजु(B) | यो वर्ष कायम बेरुजु(C) | अध्यावधिक बाँकी बेरुजु (E=A-B+C+D) |
|---|---|---|---|---|
| १ | १९०४५४००० | २३२६३२० | ९५५७३४६ | १९७६८५०२६ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : माथागढी गाउँपालिका, पाल्पा , माथागढी गाउँपालिका , पाल्पा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | राम प्रसाद घिमिरे | २०८०-५-३१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | सन्तोष दाहाल | २०७८-७-२५ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,३१९,२७९ | ८,२३८,०६७ | ० | ० | ० | ० |
| | | | | **जम्मा बेरुजु रकम** | ९,५५७,३४६ |
| | | | | **लेखापरीक्षणको क्रममा असुली रु** | ३४,६१३ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | १११५८०८६७.४६ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३७६४१६३०३.०९ | चालु खर्च | ३६८१२४९७१.८९ |
| प्रदेश सरकारबाट अनुदान | २१०५१७८२ | पूँजीगत खर्च | १३००८०६८३ |
| राजश्व बाँडफाँट | १२३०७४८३७.३५ | वित्तीय/अन्य व्यवस्था | २०१६०७५७०.२८ |
| आन्तरिक आय | १५६१३०५५.८१ | | |
| अन्य आय | १७०५८०८५५.१३ | | |
| कुल आय | ७०६७३६८३३.३८ | कुल खर्च | ६९९८१३२२५.१७ |
| बाँकी मौज्दात | | ११८५०४४७५.६७ | |

## अनुसूची - २

## बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | |
|---|---|---|---|
| क्र.स./आर्थिक सङ्केत | विवरण | चालु आ. व. कोकारोबार | गत आ.ब. कोकारोबार |
| | | जम्मा | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | |
| ११००० | कर | १०,५७,३१,८५३.९३ | ९,४७,६१,०८४.५१ |
| १३००० | अनुदान | ३६,३६,२१,४४५.०२ | ३६,९१,३६,१६८.९० |
| १४००० | अन्यराजस्व | ३,१६,४१,९७९.२३ | २,६०,२६,४०८.३९ |
| १५००० | विविधप्राप्ति | १३,१४,०६०.०० | ९,००,५८७.०० |
| क | **कुलजम्मा प्राप्ति** | ५०,२३,०९,३३८.१८ | ४९,०८,२४,२४८.८० |
| ३ | चालु | ३६,८१,२४,९७१.८९ | ३४,३६,२२,४२१.१६ |
| २१००० | पारिश्रमिक / सुविधा | २०,८६,३२,००७.९६ | ७,२६,१०,३४६.८६ |
| २२००० | मालसामानतथा सेवाको उपयोग | १०,७५,४६,३५०.८२ | ७,८४,१४,३१३.२९ |
| २५००० | सहायता (Subsidy) | ४,८८,३२,८३८.११ | १८,४२,२१,२७०.४१ |
| २७००० | सामाजिकसुरक्षा | १६,६८,८२५.०० | ६९,२०,०३१.६० |
| २८००० | अन्यखर्च | १४,४४,९५०.०० | १४,५६,४५९.०० |
| ४ | पूंजीगत | १३,००,८०,६८३.०० | १६,७१,०५,८५८.९३ |
| ३१११० | भवनतथा संरचना | ३,५२,३०,८२६.०० | ४,४०,४२,२१५.४८ |
| ३११२० | सवारीसाधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ९७,७६,१५०.०० | १,२८,६५,६७५.५० |
| ३११३० | अन्यपूँजीगत खर्च | २०,५८,३०५.०० | १८,४०,८५०.०० |
| ३११५० | सार्वजनिकनिर्माण | ८,३०,१५,४०२.०० | १०,७०,८८,४५३.९५ |
| ३११६० | निर्मितसरचनाकोसुधार खर्च | ० | १२,६८,६६४.०० |
| ख) | **कुलजम्मा भुक्तानी** | ४९,८२,०५,६५४.८९ | ५१,०७,२८,२८०.०९ |
| ग) | **बचत /कमी (ग = क-ख )** | ४१,०३,६८३.२९ | (१,९९,०४,०३१.२९) |

| | | | |
|---|---|---|---|
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-)** | २८,४२,४०६.९२ | १,८७,४०,५३२.४८ |
| घ.१) | **कट्टीरकम भुक्तानी/ दाखिला गर्न बाकी** | | |
| ङ) | **यसआ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ)** | ६९,४६,०९०.२१ | (११,६३,४९८.८१) |
| च) | **गतआ.व.को नगद तथा बैंक मौज्दात** | ११,१५,५८,३८५.४६ | ११,२७,४४,३६६.२७ |
| छ) | **विनिमयनाफा/घाटा तथा अन्य समायोजन** | | |
| ज) | **आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | ११,८५,०४,४७५.६७ | ११,१५,८०,८६७.४६ |